## विज्ञापन करको दररेट (भ्याट बाहेक)

| क्र.स. | विवरण | दर पटके | दर बार्षिक | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ वोड नियोन साईन तथा अन्य ठुला विद्युतीय वोर्डहरु | ० | ६६।० | |
| २ | ग्लो साईन वोर्ड डि.पी.एस. आदी | ० | ४४।० | |
| ३ | भित्ते लेखन प्रति वर्गफुट | ६।६० | | |
| ४ | तुल व्यानर प्रति वर्गफुट | ६।६० | ० | |

नोटः माथी उल्लेखित विज्ञापन कर असुलीको लागि न्युनतम् रु. १०००००  मा ठेक्का बढाबढमा दिन सकिने ।

**कार्यालय र संघ सस्थाहरुः**

१. नेपाल दुर सञ्चार संस्थान ............................ रु. १२१००।

२. नेशनल ट्रेडिङ ........................................... रु. २४२०।

३. सुर्य टोवाको र अन्य धुम्रपान सम्बन्धी वस्तुको उत्पादन गर्ने ........... रु. ६०५०।

**अस्थायी हाट वजार वा घुम्ती पसलः**

यस अनुसुचीमा अन्यत्र जुनै सुकै कुरा लेखिएको भएता पनि अस्थायी हाट बजारमा वा घुम्ती पसल राखि गरिने देहायको व्यवसायमा पटके रुपमा देहाय बमोजिम व्यवसाय कर लाग्ने छ ।

(१) घुम्ती (मोवाइल) पसल खुम्चा, मम्फली, तरकारी, पाउरोटी, चिया, हजाम, पान, आदि
व्यापार गर्नेसँग दैनिक .................................................. रु. २८।
अथवा माशिक दिनेलाई.................................................. रु ६५०।

(२) फेरीवाला भाडा, कपडा तथा किराना विसाता आदिमा दैनिक रु. ३३।

(३) विभिन्न किसिमको रेडिमेट कपडा पसल खाट वा ठेला वाला समेत
सार्वजनिक स्थलमा पसल राख्ने संग

(क) दैनिक दिनेलाई .....................................................रु. ५५।

(ख) मासिक एकमुष्ट अग्रीम् दिनेलाई ..............................रु. १२००।

(ग) नगरपालिकाको क्षेत्र भित्र सार्वजनिक स्थलममा एकै ठाँउमा अस्थायी

टंकी पाल राखी खोम्चा तरकारी तथा अन्य कुनै वस्तुको विक्री व्यवसाय गर्ने लाई दैनिक दिने लाई ....................... .रु ६०।

(ग) १ माशिक एक मुष्ट दिने लाई............................. रु १५००।

(४) लाइट, लाइटर, छाता, स्टोप, प्रेसर कुकर आदि मर्मत (सार्वजनिक स्थलमा) दैनिक. रु. ३३।

(५) पर्व मेलामा अस्थायी दुकान राख्नेहरुसँग ........................ रु. २५।

**नोट:** माथीको वर्गिकरणमा समावेस नभएका सेवा व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु.३६०। देखि रु. ५०००। सम्म कर लिन सकिने छ । एउटै व्यक्तीले आफ्नो नाम या परिवारको सदस्यको नाममा दुकान खोलेको भए उक्त दुकान मुल दुकान/शाखा दुकान भएता पनि प्रत्येक दुकानको अलग अलग व्यवसाय कर लाग्नेछ । तानसेन नगरपालिका भित्रका उद्योग, उद्यमीहरु, व्यापारी व्यवसायीहरुको फर्म वन्द गर्न परेमा पा.उ.वा. संघको वा अन्य सम्बन्धित निकायको सिफारिस पत्र समलग्न राखी तानसेन नगरपालिकामा निवेदन पेश गर्नु पर्ने व्यवस्था गरिएकोछ र व्यवसायीहरुलाई न.पा.को तर्फबाट पनि समयमै सुसुचित गराउने दायित्व रहने छ । न.पा. को कर वक्यौता रहेका करदाताको, न.पा. कर फछ्यौंट नभएसम्म निज करदाताको सगोल परिवारलाई न.पा.द्धारा सबै किसिमको सिफारिस रोक्का राखीने छ ।

न.पा.लाई जानकारी गराएर मात्र व्यवसाय बन्द गर्नुपर्नेछ, अन्यथा व्यवसाय कर लागि रहनेछ । माथि उल्लेखित व्यवसाय करका दरहरु आ.व.२०७३/०७४ का लागि लागु हुनेछ ।

**घर वहालकर**

नगर क्षेत्र भित्र कसैले कुनै घर, पसलघर, ग्यारेज, टहरा गोदाम छप्पर कारखाना खाली जग्गा पुर्ण रुपमा वा आंशिक रुपमा वहालमा दिइएकोमा नगरपालिकाले वहाल रकमको २% ले घर बहालकर वापत असुल गर्ने छ ।

**व्यवसाय करको जरीवाना तथा छूटको व्यवस्था**

१ चालु आर्थिक वर्षको कर सोही वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट दिईने छ ।

२ वक्यौताकर भुक्तानी गर्दा देहाय अनुसार जरिवाना लाग्नेछ ।

क. एक वर्षको वक्यौतामा सो को २०% ले हुन आउने रकम ।

ख. एक वर्ष भन्दा वढीको बक्यौतामा प्रतिवर्ष ३०% ले हुन आउने रकम ।

३ व्यासायकर वक्यौता राख्ने करदातालाई नगरपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक वाहेकका अन्य सेवा र सुविधा वन्द गरिनेछ ।

४ व्यवसाय कर चुक्ता भएको प्रमाण पेस नगरेसम्म नगरपालिकावाट नयाँ सेवा तथा सुविधाहरु उपलब्ध गराइने छैन ।